नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

# वार्षिक प्रतिवेदन

आ.व. २०७७/०७८

# डडेल्धुरा जिल्लाको संक्षिप्त परिचय : २०७७०७८

नेपालको सुदुर पश्चिम प्रदेश अन्तरगत पर्ने डडेल्धुरा जिल्ला एउटा सुन्दर जिल्ला हो । यस प्रदेशका ९ वटा जिल्ला मध्ये डोटी, अछाम, बैतडी, दार्चुला, बझाङ र बाजुरा जिल्लामा जाने बाटो यहि डडेल्धुरा जिल्ला हुदै जान्छ । सुदुरपश्चिम प्रदेशको Hill Station को रुपमा रहेको तथा माथी उल्लेखित ६ बटै जिल्लाको प्रवेश बिन्दुको रुपमा रहेको डडेल्धुरा जिल्लाको महत्व सुदुरपश्चिम प्रदेशमै बिशेष रहेको छ । साविक महाकाली तथा सेती अञ्चलका बिभिन्न जिल्लाका मानिसहरु आवात जावत गर्ने केन्द्रको रुपमा रहेकोले यस जिल्लामा शान्ति सुरक्षा, अपराधिक गतिबिधि तथा सवारी दुर्घटनाको दृष्टिकोणले अलि बढि संबेदनशील हुदै गएको छ । डडेल्धुरा जिल्ला नेपाल भरमै बढी राष्ट्रिय, अन्तरराष्ट्रिय गैरसरकारी संस्था कार्यरत भएको जिल्ला मध्येको रुपमा लिइन्छ । ५ वटा गांउपालिका र २ वटा नगरपालिका रहेको यस जिल्लाको कूल जनसंख्या मध्ये झण्डै आधा जनसंख्या जिल्लाको दक्षिणी भेगमा पर्ने भित्री मधेसका आलिताल गांउपालिका र परशुराम न.पा. ले ओगटेको छ । भित्री मधेसमा पर्ने यी स्थानिय तहमा अधिकांस मानिसहरु अन्य जिल्लावाट बसाइ सराइ गरी आएका वासिन्दाहरु बसोबास गर्दछन । त्यसैले यी बिबिध बस्तुगत तथ्यको आधारमा शान्ति सुरक्षाको दृष्टिकोणले यो जिल्ला दिन प्रतिदिन संबेदनशील बन्दै गएको छ । अमरगढी नगरपालिका वार्ड नं. ५ खलंगामा सदरमुकाम रहेको यो जिल्ला अत्यन्त मनोरम, भौगोलिक विविधतायुक्त, समथर भित्रि मधेस, चुरे श्रृङखला, महाभारत पर्वत, घना हरियाली वनजंगल, उग्रतारा, घटाल आदि धार्मिक महत्वका शक्ति पिठहरु, आलिताल लगायत अन्य ताल तलैयाहरु, नदिनालाहरु, शिखर लेक जस्ता प्राकृतिक स्थलहरुको सौन्दर्यताले यो जिल्ला भरिपूर्ण छ साथै यस जिल्लाको सदरमुकाममा अमरगढी किल्ला र अमरसिंह थापाको सालिकले झनै आकर्षण तुल्याएको छ । यस जिल्लाको पूर्वमा डोटी, पश्चिममा भारतको उत्तराखण्डको पिथौरागढ जिल्ला, उत्तरमा बैतडी, दक्षिणमा कैलाली र कञ्चनपुर जिल्ला रहेका छन् । यस जिल्लाको करिव ७५ प्रतिशत भू-भाग वनजंगलले ढाकेको छ । यस जिल्लाको संक्षिप्त परिचय निम्नानुसार रहेको छ ।

## भौगोलिक अवस्था:

१५३८ बर्ग कि.मी क्षेत्रफल रहेको यस डडेल्धुरा जिल्लाको पूर्वमा डोटी, पश्चिममा भारतको पिथौरागढ जिल्ला र महाकाली नदी, उत्तरमा बैतडी, दक्षिणमा कैलाली र कन्चनपुर जिल्लासंग सिमाना जोडिएको छ । यो जिल्ला ८०' १२'' पूर्व देखि ८०' ४७"पूर्व देशान्तरसम्म र २८' ५९"उत्तर देखि २९' २६'' उत्तर आक्षांससम्म फैलिएको छ भने ४६२ मीटरको उचाई देखि २६३९ मीटर उचाईसम्म भएको भित्रि मधेश चुरे पहाड देखि महाभारतको लेक, घनघस्या, तुषरानी जस्ता नाम चलेका लेक यस जिल्लामा रहेका छन ।

## प्राकृतिक स्वरुप:

यस जिल्लाको दक्षिणि भु-भाग आलिताल गांउपालिका र परशुराम नगरपालिका क्षेत्रमा उष्ण र बाँकी पहाडी भु-भागमा समशितोष्ण हावापानी पाईन्छ । सदरमुकाममा गर्मी याममा ३२ डिग्री सेल्सीयस सम्म र जाडोयाममा सुन्य ० डिग्री सेल्सीयस सम्म तापक्रम रहन्छ भने वर्षा याममा १३४३. मि.मि. सम्म वर्षा हुने गर्दछ ।

**प्राकृतिक हिसावले यस जिल्लाको क्षेत्रफललाई निम्मानुसार विभाजन गर्न सकिन्छ :**

- कृषि योग्य क्षेत्रफल — २५,६१० हेक्टर
- बस्ती नदिनाला र बाटोले ओगटेको क्षेत्रफल — १३,४४५ हेक्टर
- वन — १,१४,७३६ हेक्टर
- जम्मा — १,५३, ८०० हेक्टर

प्रमुख जिल्ला अधिकारी

१) प्राकृतिक सम्पदा:

(क) प्रमुख नदिनालाहरु:
यहाको प्रमुख नदिनालाहरुमा महाकाली र सेती हुन । तर यी नदीहरु जिल्लाको आर्थिक बिकासको दृष्टिकोणले त्यति उपयोगी मानिदैनन् । अन्य सहायक खोलाहरुमा रंगुन, रडुवा, पन्तुरा, रुपाली गाड, घटाल, सुर्नायाँ, रुवाखोला, सकायल, तिलाडीगाड, दोगाड, आरा, सिर्ष, कलेना, लोपा, सिराड, सादनी, ठूलिगाड, डोटीगाड आदि मूख्य पर्दछन ।

(ख) वन जंगल:
कूल भु-भागको लगभग ७५ प्रतिशत वनजंगलले ढाकीएको यस जिल्लाको दक्षिणी भेगमा उष्ण सदावहार सल्ला, साल, सिसम जस्ता वृक्षहरु भरीभराउ भई हरियाली तथा प्राकृतिक दृष्टिकोणले सुसम्पन्न वनजंगल छन भने उच्च पहाडी भेगमा समशितोष्ण कोणधारी वनजंगलले सजिसजाउ छन । यस जिल्लामा रहेको वनको क्षेत्रफल निम्नानुसार रहेको छ ।

- कूल वन क्षेत्र १,१४,७३६.५० हेक्टर
- सरकारी वन क्षेत्र ९७,८४६.२० हेक्टर
- सामुदायिक वन १६,८९.४१ हेक्टर

(ग) बन्य जन्तु :
यस जिल्लामा पाईने प्रमूख बन्य जन्तुहरुमा बाघ, चितुवा, भालु, घोरल, थार, जरायो, दुम्सी, रतुवा, बादर, स्याल, लंगुर, बदेल आदि हुन् ।

(घ) झरना र ताल :
यस जिल्लाको विशेष उल्लेखनिय ताल तथा झरनाहरुमा आलिताल गांउपालिकामा रहेको ३०० मिटर लम्बाई ८० मीटर चौडाई २० मीटर गहिराई भएको आलिताल र बोडापाथी पर्दछन । भागेश्वर गांउपालिका अन्तरगत साहिलको झरना, आलिताल गांउपालिकाकै कुमोडगाड झरना आदि उल्लेखनीय छन ।

**सामाजिक अवस्था**
यस जिल्लामा विभिन्न जनजाति सम्प्रदायका मानिसहरुले बसोबास गरेको भएतापनि धार्मिक विषयलाई लिएर कुनै पनि सम्प्रदाय विच विवाद उठेको घटना भने कहिँ कतैबाट पाइदैन । यस जिल्लामा हिन्दूहरुको बाहुल्यता भएतापनि हिन्दु बाहेक अन्य विभिन्न जाति तथा धर्मका मानिसहरुले समेत वासोबास गर्दै आएका छन । जुन यस प्रकार छन :

(क) हिन्दू ९८.५५ प्रतिशत
(ख) वौद्ध ०.१५ प्रतिशत
(ग) मुस्लीम ०.२ प्रतिशत
(घ) जैन ०.२ प्रतिशत
(ङ) क्रिष्चीएन ०.७ प्रतिशत
(च) अन्य ०.२ प्रतिशत

प्रमुख जिल्ला अधिकारी

(क) बसाई सराई :

कम भू-स्वामित्व तथा रोजगारीको अवसरको कमिले गर्दा जिल्लाको पहाडी भागबाट अन्यत्र बसाइ सराइ गर्ने र अन्य विकट जिल्लाहरुबाट यस जिल्लाको भित्रि मधेश तथा जिल्लाको विकट क्षेत्रबाट समेत यस जिल्लाको सदरमुकाममा बसाइ सराइ गर्ने क्रम तिव्र रहेको तथ्याङ्कबाट देखिन्छ । विगत ५ वर्षको तथ्याङ्कले ८.९ प्रतिशत अन्यत्र र जिल्ला भित्र ४.३ प्रतिशत बसाइ सराइ गरेको पाईन्छ ।

## महत्वपूर्ण धार्मिक स्थलहरु

(क) उग्रतारा मन्दिर
(ख) घटाल थान
(ग) पर्शुराम मन्दिर
(घ) भागेश्वर मन्दिर
(ङ) डागेश्वरी मन्दिर
(च) समैजि मन्दिर
(छ) असीग्राम मन्दिर
(ज) गन्यापधुरा
(झ) सहश्रलिङ्ग

## ऐतिहासिक स्थल :

अजयमेरु गाउपालिका वडा नं. २ मा पर्ने अजयमेरु कोट तथा अमरगढी नगरपालिका वडा नं. ५ स्थित रहेको अमरगढी किल्ला यस जिल्लाको प्रमुख ऐतिहासिक स्थलको रुपमा प्रसिद्ध छन ।

## २) कार्यकारी सारांश :

जिल्ला स्थित सरकारी कार्यालयहरुमा जिल्ला प्रशासन कार्यालय विशिष्ट महत्व राख्ने कार्यालय हो । यस कार्यालयले आफ्नो निर्धारित काम भन्दा पनि जिल्लामा भैपरी आउने अन्य बिबिध काममा व्यस्त रहनु पर्दछ । विशेष गरी जिल्लामा शान्ति सुरक्षा कायम गर्ने, बिकास निर्माण कार्यमा अनुगमनकर्ताको भूमिका निर्वाह गर्ने, जिल्लाको समग्र वस्तुस्थितिको जानकारी लिई संबन्धित निकायमा प्रतिवेदन तथा सिफारिस गर्ने, जिल्लाको प्रशासनिक, बिकास निर्माण तथा बिबिध कृयाकलापको अनुगमन गरी सुशासन कायम गर्न समन्वय र सहजीकरण गर्ने आदि कार्य जिल्ला प्रशासन कार्यालयबाट हुदै आएको छ । यस कार्यालयबाट सम्पादन हुने मुख्य कामहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. १६ बर्ष उमेर पुगेका जिल्लाका बासिन्दाहरुलाइ रितपूर्वकको आवेदन लिइ नेपाली नागरिकताको प्रमाणपत्र, सो को प्रतिलिपी जारी गर्ने, ।
२. राहदानी वितरण एवं द्रुत सेवाको राहदानीका लागि सिफारिस गर्ने ।
३. गैर नाफामूलक गैरसरकारी संस्था दर्ता तथा नविकरण गर्ने ।
४. यस अघि दर्ता भएका हातहतियारको लाइसेन्सको नविकरण गर्ने, हतियार खरिदका लागि रितपुवक पेश हुने आवेदन सिफारिस गर्ने ।
५. कार्यालयमा पेश हुन आएको गुनासो तथा ठाडो उजुरी उपर छानबिन गरी समस्या समाधान गर्ने ।

प्रमुख जिल्ला अधिकारी

६. जिल्लामा शान्ति सुरक्षाको अवस्था सामान्य बनाइ राख्न आवश्यकता अनुसार जिल्ला स्थित विभिन्न राजनैतिक दल, नागरिक समाज, पत्रकार समाजका प्रतिष्ठित व्यक्तित्वहरुसंग बैठक, छलफलतथा अन्तरक्रिया गरी समन्वय कायम गर्ने ।

७. जिल्लामा नेपाल सरकारको नीति, ऐन, कानून अनुसार सुशासन कायम गर्न सहजकर्ता तथा समन्वयकर्ताको भूमिका निर्बाह गर्ने ।

८. जिल्लामा सरकारी तथा गैर सरकारी निकायबाट सञ्चालन हुने बिकास निर्माण कार्यक्रमको निरीक्षण अनुगमन गरी संवन्धित निकायमा सिफारिस गर्ने ।

९. जिल्ला स्थित सरकारी कार्यालयहरुको निरीक्षण गरी कार्यालयमा अनुशासन, नियमितता, समयपालन, सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सहजीकरण गर्ने ।

१०. द्वन्द व्यवस्थापन सम्वन्धमा तोकि आए बमोजिम राहत क्षतिपुर्ति तथा आर्थिक सहायता उपलब्ध गराउने र सो को लागि आवश्यक सिफारिस गर्ने ।

११. विपद् व्यवस्थापन सम्वन्धि कार्य गर्ने ।

१२. संकामक रोगको सङ्क्रमण रोकथाम नियन्त्रण सम्वन्धि कार्य गर्ने ।

१३. केन्द्रिय सरकारको प्रतिनिधिको हैसियतले स्थानीय सरकार तथा प्रदेश सरकारसंग समन्वय गर्ने ।

१४. तोकिए बमोजिम अर्ध न्यायीकको रुपमा न्याय सम्पादन गर्ने ।

१५. विभिन्न आयोग, मन्त्रालय, नियोगबाट समय समयमा तोके लगाईए बमोजीमका अन्य कामहरु ।

**३. जिल्ला प्रशासन कार्यालय, डडेल्धुराका जिम्मेवार अधिकारी, कार्यरत कर्मचारी र कार्य विवरण**

| सि.नं. | दर्जा | श्रेणी | संख्या | पूर्ति | रिक्त | कार्य विवरण |
|---|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. | रा.प. प्रथम | १ | १ | - | जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही जिल्लामा शान्ति सुव्यवस्था, सुशासन र सुरक्षा व्यवस्था मिलाउने । |
| २ | स.प्र.जि.अ. | रा.प.द्वितीय | १ | १ | - | प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने । |
| ३ | प्र. अ. | रा.प.तृतीय | २ | १ | १ | प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने । |
| ४ | ना.सु. | रा.प.अनं. प्रथम | ४ | ३ | १ | फाँट प्रमुख भई सम्वन्धित फाँटले गर्ने तोकिएका कार्य सम्पादन गर्ने । |
| ५ | ले. पा. | रा.प.अनं. प्रथम | १ | १ | - | नियमानुसार लेखा सम्बन्धी श्रेस्ता राख्ने लेखापरीक्षण गराउने । |
| ६ | क. अ. | रा.प.अनं. प्रथम | २ | - | २ | सूचना प्रविधि तथा कम्प्युटर सम्वन्धी कार्य गर्ने । |
| ७ | खरिदार | रा.प.अनं. द्वितीय | ३ | २ | १ | सम्वन्धित फाँट प्रमुखको मातहतमा रही तोकिएको कार्य गर्ने । |
| ८ | ह.स.चा. | श्रेणी विहिन | १ | १ | - | सवारी साधन चलाउने र आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने । |
| ९ | का.स. | श्रेणी विहिन | ६ | ६ | - | सरसफाई, चिट्ठी पत्र लगायतका कार्य गर्ने । |

प्रमुख जिल्ला अधिकारी

४. जिल्ला प्रशासन कार्यालयका शाखा र जिम्मेवार अधिकारी ।

| सि.नं. | शाखा | फाँटमा काम गर्ने व्यक्ति | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|
| १ | स्थानीय प्रशासन शाखा | ना.सु. श्री चन्द्र बहादुर रोकाया | प्र.जि.अ. श्री हरि प्रसाद घिमिरे<br>प्र.अ. श्री सुनिल ठकुल्ला | प्र.जि.अ. |
| २ | जिन्सी शाखा | ना.सु. श्री धन बहादुर खडायत | " | प्र.जि.अ. |
| ३ | मुद्दा शाखा | ना.सु. श्री चन्द्र बहादुर रोकाया | " | प्र.जि.अ. |
| ४ | राहदानी शाखा | ना.सु. श्री धन बहादुर खडायत | " | प्र.जि.अ. |
| ५ | नागरिकता शाखा | ना.सु. श्री गणेश राज ओझा<br>खरिदार श्री मनोज कुमार चन्द<br>खरिदार श्री हेमन्त राज जोशी | प्रशासकीय अधिकृत | प्र.जि.अ. |
| ६ | लेखा शाखा | ले.पा. श्री दिलेन्द्र प्रसाद जोशी | " | प्र.जि.अ. |
| ७ | कम्प्युटर शाखा | क.अ. श्री घनश्याम जोशी | " | प्र.जि.अ. |
| ८ | राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा | क.अ. श्री घनश्याम जोशी | " | प्र.जि.अ. |

५) यस कार्यालयबाट गत आ. व. २०७७।०७८ मा सम्पादन भएका कामहरुको विवरण :

| क्र. सं. | आर्थिक वर्षभरिमा संञ्चालन गरेका कार्यक्रम | सम्पादन गरेका कामहरु | इकाई | प्रगति | लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नागरिकता वितरण | नियमानुसार सेवाग्राहीलाई नागरिकता वितरण | संख्या | ५३४३ | - | |
| २ | नागरिकता प्रतिलिपि | पर्न आएका निवेदनहरु छानविन गरी नियमानुसार नागरिकताको प्रतिलिपि जारी गरिएको । | संख्या | ५८८९ | - | |
| ३ | राहदानी वितरण नियमित सेवा | पर्न आएका निवेदनहरु उपर नियमानुसार राहदानी तयार गर्न राहदानी विभागमा पठाईएको । | संख्या | २८६ | - | |
| ३.१ | राहदानी वितरण द्रुत सेवा | पर्न आएका निवेदनहरु उपर नियमानुसार राहदानीको लागि सिफारिस | संख्या | २५४ | - | |
| ४ | संस्था दर्ता | नियमानुसार संस्था दर्ता गर्न आएका संस्थाहरुलाई दर्ता गर्ने । | संख्या | २५ | - | |
| ५. | संस्था नविकरण | नियमानुसार संस्था नवीकरण गर्ने । | संख्या | ६५ | - | |
| ६. | नावालक परिचय पत्र प्रदान | नियमानुसार सेवाग्राहीलाई नावालक परिचय-पत्र वितरण | संख्या | १५ | - | |
| ७. | राष्ट्रिय परिचयपत्र विवरण संकलन | नेपाल सरकारले यस राष्ट्रिय परिचयपत्र व्यवस्थापन ईकाइ स्थापना गरी संकलन भईरहेको तथा राष्ट्रिय | संख्या | ६३,४०६ | | |

प्रमुख जिल्ला अ

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिचयपत्र विविरण संकलन अभियान बाट समेत राष्ट्रिय परिचयपत्र विविरण संकलन भएको । | | | | | |
| ८. | विभिन्न किसिमका सिफारिस एवं प्रमाणित | सेवाग्राहीका नामथर /जनजाती/ दलित/ मधेसि समेत प्रमाणित | संख्या | ६६४ | - | | |
| ९. | शान्ति सुरक्षा | नियमित रुपमा जिल्ला सुरक्षा समितिको बैठक वसी जिल्लाको शान्ति सुरक्षाको अवस्थालाई सामान्य राख्ने कार्य भैईरहेको । | पटक | २४ | - | | |
| १० | सुशासन सम्वन्धी कार्य | सुशासन सम्वन्धी समिति गठन भई कार्यान्वयन भैरहेको । | - | निरन्तर | - | | |
| ११ | लैङ्गिक हिंसा सम्वन्धी कार्य | जिल्ला कार्ययोजना तयार गरी कार्यान्वयन भैरहेको | - | निरन्तर | - | | |
| १२ | पत्रिका दर्ता | नियमानुसार पत्रपत्रिका दर्ता गर्ने गरिएको । | | ३ | - | | |
| १३ | हतियार हातहतियार सम्वन्धी कार्य | नियमानुसार हातहतियार नविकरण , नयाँ हतियारको लागि सिफारिस, हतियार नामसारी गर्ने गरिएको | संख्या | - | - | | |
| | | हातहतियार नविकरण | संख्या | ८० | | | |
| १४ | कार्यालय प्रमुखहरुको बैठक | जिल्ला स्थित सम्पूर्ण कार्यालयहरुको मासिक रुपमा सम्पादन भएका कामकारवाही हरुको समिक्षा गर्ने गरीएको | पटक | १२ | - | | |
| १५ | द्वन्द व्यवस्थापन सम्वन्धि कार्य | शान्ति तथा पुननिर्माण मन्त्रालयको निर्णय तथा प्राप्त अख्तियार अनुसार राहत रकम वितरण गर्ने गरिएको । | - | आवश्यकता अनुसार सम्वन्धित समिति तथा सर्वपक्षिय बैठक वसी आवश्यक शिफारिस भैरहेको । | - | | |
| १६ | विपद व्यवस्थापन सम्वन्धि कार्य | DPR Plan तयार भएको, विपद् जोखिम न्यूनिकरण, प्रतिकार्यको लागि आवश्यक तयारी तथा विपद्मा उद्धार कार्य भैरहेको । | पटक | १५ | - | | |
| १७ | बजार अनुगमन | अनुगमन समितिबाट कार्य योजना तयार गरी अनुगमन भैरहेको । | पटक | १७ | - | | |
| १८ | घुम्ती सेवा शिविर | एकिकृत घुम्ती सेवा शिविर सम्पन्न गरिएको । | पटक | - | | | |

प्रमुख जिल्ला अधि...

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | अन्तर जिल्ला समन्वय बैठक | डडेल्धुरा, बैतडी, र डोटी, बझांग जिल्लाहरुको अन्तर जिल्ला समन्वय बैठक सम्पन्न भएको । | पटक | २ | - | | |
| २० | रा.प.अनं.कर्मचारीहरुको बढुवा सम्बन्धि कारवाही | लो.से.आ. बाट बढुवा प्रतिशत निर्धारण भई आए बमोजिम बढुवा प्रकृया तत्काल अबलम्बन गरि तत् तत् स्थानहरुमा बढुवा सिफारिस गर्ने कार्य सम्पन्न । | पटक | १० | - | | |
| २१ | स्टाप बैठक | जिल्ला प्रशासन कार्यालय डडेल्धुरामा कार्यरत कर्मचारीहरुको नियमित स्टाप बैठक सम्पन्न । | पटक | १२ | - | | |
| २२ | DCMC बैठक | कोभिड-१९ रोकथाम नियन्त्रण गर्न अध्यक्षको हैसियतले सरोकारवाला सबै पक्षसंग समन्वय गर्दै रोकथाम नियन्त्रणका लागि महत्वपुर्ण भूमिका निर्वाह गरिएको । | पटक | २८ | - | | |
| २३ | जिल्ला दररेट निर्धारण | आ.व. २०७८/०७९ का लागि जिल्ला दररेट र जग्गाको न्यूनतम मुल्य निर्धारण गर्ने कार्य सम्पन्न भएको छ । | पटक | ३ | - | | |

६) अर्ध न्यायिक कार्य:

यस कार्यालयमा पर्ने ठाडो उजुरी तथा मुद्दाहरुलाई आवश्यक छानविन गरी मुद्दाको फैसला गर्ने साथै जिल्लामा सर्वजनिक निर्माण तथा विकास निर्माणका कार्यहरुमा विवादित भै ती विवादित योजनाहरु तथा व्यक्तिगत समस्याहरु सम्वन्धमा ठाडो उजुरी परेमा सम्वन्धित संस्था, व्यक्तिहरुविच छलफल गराई आवश्यक छानविन गरी नियमनुसार सजाय गर्ने, जरिवाना गर्ने साथै मिलापत्र गराई मुद्दा फछ्यौट गर्ने गरिएको छ । यस आ.व.मा यस कार्यालयवाट सम्पादन गरिएका ठाडो उजुरी तथा फौज्दारी मुद्दाहरुको विवरण निम्ननुसार तयार पारिएको छ ।

| सि. नं. | मुद्दा शिर्षक | संख्या | | | फछ्यौंट भएको संख्या | वाकी संख्या |
|---|---|---|---|---|---|---|
| | | गत आ.व.को जिम्मेवारी | चालु आ.व.मा दर्ता भएका संख्या | कुल संख्या | | |
| १. | सवारी क्षतिपुर्ति | १ | १ | २ | १ | १ |
| २. | मुलुकी अपराध संहिता, २०७४ बमोजिम दर्ता भएका मुद्धाहरु | ७ | १७ | २४ | २१ | ३ |
| ३. | ठाडो उजुरी | २ | ९५ | ९७ | ९६ | १ |

६.१ प्रशासनिक दण्ड जरिवाना असुल रु. १,४९,०००।-

७) विपदमा परेका परिवार तथा पिडित परिवारलाई वितरण गरिएको राहत रकमको विवरण ।

प्रमुख जिल्ला अधिकारी

| सि.नं. | विपदको प्रकार | बजेट | | संख्या | वितरण गरेको राहत रकम |
|---|---|---|---|---|---|
| | | गत आ.व.को मौज्दात | यस बर्षको | | |
| | | १८,९१,६०९।- | १३,८०,६०९।- | | |
| १ | आगलागी | – | – | ६ | ३६,५००।- |
| २ | हुरीबतास वर्षा | – | – | ७८ | ४७४५००।- |
| ३ | चट्याङ्ग | – | – | – | |
| ४ | माहामारी | – | – | – | |
| ५ | असिनापानी | – | – | – | |
| ६ | हिमपात | – | – | – | |
| ७ | भुकम्प | – | – | – | |
| ८ | विविध | – | – | – | |
| | जम्मा | | | | ५,११,०००।- |

८) यस कार्यालयको विभिन्न शिर्षकमा विनियोजन भएको वार्षिक बजेट तथा खर्चको विवरण

| वजेट शिर्षक | ब.सि.नं. | वार्षिक बजेट | निकाशा | खर्च | कैफियत |
|---|---|---|---|---|---|
| चालु खर्च | ३१४९२०११३ | १,४६,०५,९८०।- | १,१६,३८,०६९।२० | १,१६,३८,०६९।२० | ७९.६८% |
| पुजीगत खर्च | ३१४९२०११४ | ६६,५०,०००।- | ४३,२८,५१३।- | ४३,२८,५१३।- | ६५% |
| रा.प.पत्र कार्यक्रम तर्फको चालु खर्च | ३१४०१०११३ | ३५,४६,०००।- | २८,९०,५२४।- | २८,९०,५२४।- | ८१.५१% |
| चालु खर्च (बजार अनसुगमन) | ३०७०५०११३ | ४४,०००।- | ४४,०००।- | ४४,०००।- | १००% |

९) यस जिल्लाको शान्ति सुरक्षा अमन  चयन राखी जनताको जीउ धनको उचित सुरक्षा प्रवन्ध मिलाउन हाल जिल्लामा रहेको मौजुदा सुरक्षा निकायहरुलाई समन्वयात्मक ढंगले परिचालन गराई भरपर्दो त्रुटीरहित सुरक्षा व्यवस्था मिलाईएको छ ।

१०) यस जिल्लाको परशुराम न.पा. (साविक शिर्ष र जोगबुडा गा.वि.स.) मा आ.व. २०६२।०६३ मा बाढी पहिरो गई  धनजनको क्षति भई हाल सम्म पुनस्थापन गर्न नसकिएका बाढी /पहिरो पिडित परिवार संख्या ४० का लागि घरवासका लागि परशुराम न.पा.को परिगांउमा जग्गा खरिद गरि पुनस्थापना कार्य अगाडी वढाईएको छ ।

११) यस जिल्लाको आलिताल गा.पा. वडा नं. ६, ७ र ८ मा गत वर्षको बर्षाका कारण गएको पहिरोवाट जोखिममा रहेका पिडित परिवारको तथ्याङ्क संकलन गरी सम्वन्धित निकायमा सिफारिस गरी पठाईएको छ ।

प्रमुख जिल्ला अधिकारी

१२) कार्यालयमा भए गरेका समस्या र सामाधानका लागि गरिएका प्रयासहरु :

**समस्या तथा सुझावहरु:**

- जिल्लामा समग्र शान्ति सुरक्षाको अवस्था सामान्य रहे तापनि समय समयमा हुने राजनैतिक असमझदारीका कारण जनतामा एक किसिमको मनोवैज्ञानिक संन्त्रास उत्पन्न भएको देखिन्छ । सवै जसो विकास निर्माणका कार्यहरु समझदारी र मेलमिलापका साथ सम्पन्न भएका छन् भने कुनै योजनाहरु गाउँ स्तरमा साधारण विवादका कारण विवादित भएको देखिन्छ । यस्ता किसमका विवादहरु सामाधान गर्न सर्वपक्षीय रुपमा छलफल गरि विवादित योजनाहरुलाई स्थलगत निरिक्षण गरी समस्या सामाधान गरिएको छ । प्रचलित कानून विपरित भएका काम कारवाही उपर कानून बमोजिम कारवाही भएको छ ।
- विश्वभर सन्त्रासको रुपमा फैलिएको COVID–19 बाट यो जिल्ला पनि अचुतो रहन सकेन । वैदेशिक रोजगारीको सिलसिलामा भारत लगाएतका अन्य मुलुकहरुवाट घर फर्कनेहरुको लहरोका कारण COVID–19 को डडेल्धुरा जिल्ला संक्रमणको उच्च जोखिममा रहि आएको छ ।
- यस जिल्लाको भित्री मधेस क्षेत्र परशुराम न.पा.मा पर्ने रंगुन खोलाले प्रत्येक वर्षको वर्षायाममा बाढी तथा नदी कटानले बर्षेनी पुऱ्याउने करोडौको जनधनको क्षतीको न्यूनीकरणका लागि नदी नियन्त्रण लगाएत बृक्षारोपण गर्नु पर्ने देखिन्छ ।
- यस जिल्लाको आधा जनसंख्या रहेको भित्री मधेस स्थित साविक जोगबुडा, शिर्ष, आलिताल, गा.वि.स क्षेत्रमा जाने आउने एकमात्र बाटो बुडर-जोगबुडा कच्ची बाटोमा वाढी पहिरोले आवागमनमा बारम्बार बाधा पुऱ्याउने गरेकोले उक्त बाटो पक्की गर्दै उक्त सडकलाई पहाडी मार्गबाट तराईसम्म जोड्ने बैकल्पिक सडकको रुपमा कंचनपुरको दैजीसम्म पक्कि सडक बनाइनु पर्ने देखिन्छ ।
- यस जिल्लाका सवै स्थानियतहहरुले आ-आफ्नो क्षेत्रमा डोजरको प्रयोग गरी सडक निर्माण गर्ने कार्यले वातावरणमा ठूलो असर पर्नुका साथै पानीका मूलहरु सुक्ने र बर्षायाममा बाढी पहिरो गई ठूलो धनजनको क्षति हुने प्रवल संम्भावना रहेकाले तत्काल यस तर्फ सचेत रही गुरु योजना निर्माण गरेर मात्र सडक निर्माण कार्य गर्नु पर्ने देखिन्छ ।
- सार्वजनिक प्रति जग्गा संरक्षण तथा अतिकमण हटाउन स्थानिय तहसंग समन्वय गरी कार्य अगाडी वढाउदा समेत अझै प्रभावकारी हुन नसकेकाले यस सम्वन्धमा स्थानिय तहहरुलाई वढी जिम्मेवारी वनाईएमा सार्वजनिक प्रति जग्गा संरक्षण तथा अतिकमण हटाउन/खाली गर्न सहज हुने देखिन्छ ।
- जिल्लमा रहेका स्थानिय, प्रदेश तथा संघ अन्तर्गत सञ्चालित सरकारी कार्यालयहरुको अनुगमन, निरिक्षण एवं निर्देशन गर्न पुर्नसंरचनाका कारण केहि कठिनाई महशुस भईरहेकाले सवै तहका सरकारी कार्यालयहरुको अनुगमन, निरिक्षणको जिम्मेवारी प्रमुख जिल्ला अधिकारीलाई कानुनमा तोकीएमा जिल्लाका विकास निर्माण एवं सेवा प्रवाह अति प्रभावकारी रुपमा सञ्चालन हुने देखिन्छ ।

**१३) अन्य चुनौतीहरु**

- भित्री मधेश क्षेत्रका बिशेष गरी आलीताल गांउपालिका र परशुराम न.पा. क्षेत्रमा अन्य पहाडी जिल्लाबाट बसाइ सराइ गरी बसोबास गर्ने ठूलो रोगका कारण बन जंगल बिनास हुदै गएकाले बसाइसराईलाई व्यवस्थित गराईनु पर्ने देखिन्छ । यस्ता बसाइ सरी आउने विविध खाले समुदाय तथा पृथक पृथक पृष्ठभूमीवाट आएका व्यक्तिहरु हुने भएकाले असमझदारी, झगडा तथा अपराधिक गतिविधिहरु बढिरहेका छन ।
- यस जिल्लामा दलित तथा हलिया समुदायको उल्लेख्य जनसंख्या रहेकोले उक्त समुदायमा विद्यमान गरिवी, अशिक्षा, कमजोर चेतनास्तर तथा परम्परागत खानपीनको व्यवहारले उत्पन्न हुने घटना ।

प्रमुख जिल्ला अधिकारी

❖ यस जिल्लाको झण्डै ७५ प्रतिशत भूभाग जंगलले ढाकिएकोले आवागमन, सूचना प्रवाह तथा अनुगमनमा पर्ने कठिनाइ ।

❖ विद्युत तथा टेलीफोन सेवामा प्रायः जसो प्राविधिक तथा प्राकृतिक कारणले भैरहने अवरोध ।

❖ प्रत्येक वर्ष वर्षायाममा विशेषगरी भित्री मधेश क्षेत्रमा आउने वाढी पहिरा तथा हिउद याममा धनगढी डडेल्धुरा राजमार्ग (भिमदत्त राजमार्ग, डा.के.आई.सिंह राजमार्ग तथा दशरथ चन्द राजमार्गमा पटक-पटक पर्ने बाक्लो हिमपातको प्रकोप ।

❖ ट्राफिक प्रहरीको न्यून संख्याको कारणले बढ्दो ट्राफिक नियमको उलंघन तथा बढीरहेको सवारी दुर्घटना उपर न्यूनिकरण गर्न आवश्यक नियन्त्रण तथा अनुगमनमा कठिनाइ ।

❖ यस जिल्लाको सदरमुकाममा रहेको मुख्य राजमार्ग साघुरो भई ठूला तथा साना यातायातका साधनहरु सञ्चालन गर्न तथा पैदल यातृलाई सडक वारपार गर्न ज्यादै कठिनाई भएकाले सो सडक छेउछाउमा रहेका मापदण्ड भित्रका घर टहराहरुको व्यवस्थापन गरी सडक फराकिलो पार्न सडक डिभिजन कुलपाते डोटीले यसै आ.व.मा टेन्टर आव्हान गरी बोलपत्र स्विकृत भए पनि स्थानीयहरुले क्षेतिपुर्ति तथा मुआब्जाको आवाज उठाएपछि सडक पराकिलो गर्ने अगाडी बढाउन बाधा अवरोध भएको देखिन्छ ।

❖ जिल्लामा बन फडानीलाइ प्रभावकारी रुपमा नियन्त्रण गर्न तथा अनियमित हुने उपर कारवाही हुन यस कार्यालयबाट गरिएका अनुरोध, सिफारिसहरु उपर कार्यान्वयनमा सम्वन्धित निकायको ध्यान जानु जरुरी देखिन्छ ।

❖ यस जिल्लामा स्थापना भएको डडेल्धुरा अस्पताल यस प्रदेशमा रहेका ७ वटा पहाडी जिल्लाको केन्द्रमा रहेको सेवा प्रवाह समेत ७ वटै जिल्लाका बासिन्दाहरुले लिने गरेको परिपृक्षमा उक्त अस्पतालमा आवश्यक उपकरण र दक्ष जनशक्तिको अभावले स्वास्थ्य सेवा प्रभावित भई सर्व साधारणले ठूलो सास्ती फेर्नु परेको छ ।

**१४) समस्या र समाधानका लागि गरिएका प्रयासहरु :**

क) COVID–19 को उच्च संकमणको रोकथाम एवं नियन्त्रणका लागि यस जिल्लाका सबै स्थानीय तहहरुसंग समन्वय गरी सबै स्थानीय तहहरुमा १६३ वटा क्वारेन्टाईन ७०७१ वटा वेटहरु समेत बनाई भारत लगाएतका अन्य मुलुकहरुबाट आएका यस जिल्लाका व्यक्तिहरुलाई होल्डिङ्ग सेन्टरबाट सिधै सम्वन्धित स्थानीय तहहरुसंग समन्वय गरी क्वारेन्टाईनस्थलमा सुरक्षित ढंगबाट राख्न लगाई उच्च संक्रमणको जोखिमलाई न्यूनिकरण गर्नका निमित्त सम्वन्धित क्वारेन्टाईन स्थलबाट RDT गराई Positive भएका व्यक्तिहरुको स्वाव संकलन गराई PCR जांच गरी PCR Positive हरुलाई आइसुलेसनमा राखीएको छ । जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को बैठकबाट विभिन्न निर्णयहरु गराई सबै पालिकाहरुमा कम्तिमा १० वेडको आइसोलेसन केन्द्र निर्माण गराई कोभिडका सामान्य लक्षण भएका व्यक्तिहरुलाई राख्न व्यवस्थापन गराईएको छ ।

ख) कोभिड-१९ को दोस्रो भेरियन्टका कारण यस जिल्लामा संक्रमित अधिकतम भई अस्पताल भर्ना हुने दर समेत त्यति नै संख्यामा रहेको र छिमेकी जिल्लाबाट समेत कोभिड- ग्रस्त व्यक्तिहरु उपचारका लागि डडेल्धुरा अस्पतालमा आउनेको संख्या ठूलो भई सबै पालिका, स्थानीय, बुद्धिजीवि, नागरिक समाज तथा अस्पताल प्रशासनसंगै दिनरात खटिएकै कारण सिमित बेड र जनशक्ति भएको डडेल्धुरा अस्पतालमा वेड तथा अक्सिजन र उपचार नै नपाएकै कारण कोभिडका बिरामीहरुले मृत्यूवरण गर्नु परेका छैन् ।

ग) हालसम्म यस जिल्लामा COVID–19 का संकमित हरुको कुल संख्या १९८० जना रहेकोमा ती मध्ये १९१८ जना निको भई घर फिर्ता भएका छन् र हाल आसुलेसनमा ३८ जना व्यक्तिहरु रहेका छन । संकमित मध्येका २४ जना व्यक्तिहरुको मृत्यू भएको छ । नेपाल सरकारले COVID–19 को संक्रमण

प्रमुख जिल्ला अधिकारी

रोगथाम न्यूनिकरणका लागि यस कार्यालयबाट पटक-पटक जारी गरिएको पूर्ण वा आंशिक निषेधाज्ञााई प्रभावकारी रुपमा कार्यान्वयन गराई COVID–19 को संक्रमण रोगथाममा ठुलो मद्दत गुगेको छ ।

घ) यस जिल्लाको आलिताल गा.पा. वडा नं. ७ मा पर्ने बलौचा, ओवा र खिन्नेभाडी भन्ने स्थानमा गत वर्षको वर्षाको कारण जमिन फुट्ने, बग्ने र भासिने भै करीव ७० घर परिवार जोखिमपूर्ण स्थितिमा पुगेको र ठूलो वर्षा भएमा जुनसुकै बेला ठूलो क्षति हुनसक्ने देखिएकोले हाल जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस, गैर सरकारी संस्थाहरु तथा सम्वन्धित गाउँपालिकाको पहलमा तत्काल राहत वितरण गरिनुका साथै केही बढी संवेदनसिल घर परिवारलाई नजिकैको सुरक्षित स्थानमा अस्थायी बसोबासको व्यवस्था मिलाइएको छ भने उक्त क्षति भएका बस्तीको तत्काल भूगर्भविद् (Zeologist) सहितको विज्ञहरुलाई स्थलगत अध्ययन गराई विज्ञहरुले पेश गरेको प्रतिवेदन बमोजिम सुरक्षित बसोबासको व्यवस्थापन गर्न अति आवश्यक देखिएको हुँदा सो को प्रकृया अघि बढाउन नेपाल सरकार गृह मन्त्रालय र सुदूरपश्चिम प्रदेश सरकार समक्ष सिफारिस गरी पठाईएको छ । जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयबाट मनसुन जन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनस्थाना अनुदान कार्यविधि, २०७७ को अनुसूची-१ अनुसारको फाराम भरी लाभग्राहीको पहिचान गरी सूची सहितको विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउन अनुरोध गरिएको छ ।

ङ) यस जिल्लामा विपदबाट प्रभावित व्यक्ति/परिवारलाई क्षतिको यथार्थ विवरण खुल्नेगरी प्रहरी सर्जमीन मुचुल्का सहित पिडित परिवारले निवेदन पेश हुनासाथ तत्काल राहत रकम उपलब्ध गराउने गरिएको छ ।

च) जिल्लामा झाडापखाला लगायत कुनै पनि महामारी रोग लाग्न नदिन, फैलिन नदिन तथा तत्काल आवश्यक औषधोपचारको व्यवस्थाको लागि आवश्यक औषधि मौज्दात तथा जनशक्ति व्यवस्था गर्न डडेल्धुरा अस्पताल र अन्य स्वास्थ्य संस्थाहरुलाई निर्देशन दिईएको छ ।

छ) जिल्ला स्थित कार्यालयहरुले गर्ने गरेका कामहरुको विवरण माग गरि कार्यालयमा भए गरेका समस्याको सामाधन गर्न कार्यालय प्रमुखको बैठक राखि समस्या सामाधन गर्ने गरिएको छ । प्रत्येक कार्यालयको Status Report तयार गर्न लगाईएको छ ।

ज) विकास निर्माणका कामहरु तथा जिल्लामा भई परि आउने समस्या सामाधनका लागि सर्वपक्षिय बैठक बोलाई बैठकको निर्णयानुसार काम गर्ने गरिएको छ ।

झ) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPR Plan) तयार भएको । संभावित विपद व्यवस्थापनका लागि जिल्ला प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्थानिय विपद् व्यवस्थापन समिति, सवै स्थानिय तहहरु, पत्रकार, नागरिक समाज, जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतका सवै कलष्टरहरुलाई तयारी अवस्थामा राखिएको छ ।

ञ) जिल्लाको शान्ति सुरक्षाको अवस्थालाई मध्यनजर गरी आवश्यकता अनुसार जिल्ला सुरक्षा समितिको बैठक राखी सुरक्षाको उचित प्रवन्ध मिलाईएको छ ।

ट) सरकारी निकायबाट जनतालाई प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी वनाउन जिल्ला स्थित सरकारी र गैह्र सरकारी निकायहरुको आवश्यकता अनुसार निरीक्षण अनुगमन भैरहेको छ ।

ठ) स्थानीय तहहरुबाट हुने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन जि.स.स./न.पा. तथा गांउपालिकाका प्रमुख एवं प्रमुख प्रशासकिय अधिकृतज्यूसंग पटक पटक समन्वय बैठक राखी आवश्यक निर्णय गराई कार्यान्वयनको पहल भएको ।

ड) फोहरमैला व्यवस्थापन, खानेपानी वितरण, वन फडानी नियन्त्रण, बजार अनुगमन, विद्युत आपुर्ति, मदिरा नियन्त्रण, लागु औषध नियन्त्रण लगायतका विषयमा कार्ययोजना बनाई सरोकारवालासंग आवश्यक अन्तरक्रिया/बैठक गरी निर्णय गराई कार्यान्वयंनको पहल गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी